का.जि.प्र.का.द.नं. १००/०५९/६०

30 फागुन २०७९,
मंगलबार
14 March 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ४८ । पृष्ठ १०

Madhyanha National Daily

www.madhyanhadaily.com



# शीतल निवासमा रामचन्द्र

तेस्रो राष्ट्रपतिका रुपमा रामचन्द्र पौडेल शीतलनिवास प्रवेश गरिरहँदा ७ वर्षे कार्यकाल पुरा गरी विद्यादेवी भण्डारी बिदा भएकी छन् । सोमबार शीतल निवासमा रामचन्द्रको स्वागत र विद्याको बिदाइ गर्न शीर्षस्थ पदाधिकारीहरु सौहार्द देखिन्थे ।

शिवराज परियार/मध्यान्ह
काठमाडौं, २९ फागुन ।

नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेलले पद तथा गोपनीयताको शपथग्रहण गरेका छन् । राष्ट्रपति कार्यालय शीतल निवासमा सोमबार दिउँसो आयोजित विशेष समारोहका बीचमा पौडेलले शपथ लिए ।

निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले पौडेललाई शपथ गराए । शपथग्रहण समारोहमा उपराष्ट्रपति, प्रधानमन्त्री, पूर्वराष्ट्रपति लगायतको उपस्थिति रहेको थियो । पौडेल यही फागुन २५ गते राष्ट्रपति पदमा निर्वाचित भएका हुन ।

तेस्रो राष्ट्रपतिका रुपमा रामचन्द्र पौडेल शीतलनिवास इन्ट्री गर्दै गर्दा ७ वर्षे कार्यकाल पुरा गर्दै विद्या देवी भण्डारी विदा भएकी छन् । सोमबार शीतलनिवासमा रामचन्द्रको स्वागत विद्याको बिदाइ शीर्षस्थ पदाधिकारीहरूका बीचमा सौहार्द देखिन्थ्यो ।

शपथपछि निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले आफ्नो कुर्सी राष्ट्रपति रामचन्द्र पौडेललाई हस्तान्तरण गरिन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले निवर्तमान राष्ट्रपति भण्डारीलाई सरकारका तर्फबाट उपहार प्रदान गरे । भण्डारीलाई प्रधानमन्त्री प्रचण्डले आँखीझ्याल उपहार दिएका हुन् ।

भण्डारी शीतलनिवासबाट बाहिरिँदै गर्दा नेपाली सेनाको टोलीले टुँडिखेलबाट २१ तोपको सलामी दिएको थियो । भण्डारीलाई बिदाइ गर्न राष्ट्रपति भण्डारी गाडीसम्मै पुगे । निवर्तमान राष्ट्रपति भण्डारी शीतलनिवासबाट बालुवाटारस्थित छोरीको निवासमा गइन । उनी बुढानीलकण्ठस्थित निजी निवासमा जाने भनिए पनि मर्मतको काम पूरा नभएकाले छोरीको निवासमा गएकी हुन ।

भण्डारी २०७२ कात्तिक ११ गते राष्ट्रपति पदमा पहिलोपटक निर्वाचित भएकी थिइन् । दोस्रो कार्यकालका लागि २०७४ साल फागुन २९ गते निर्वाचित भएकी थिइन् ।

नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेललाई अन्तराष्ट्रिय स्तरबाट समेत बधाइ प्राप्त भएका छन । नवनिर्वाचित राष्ट्रपति पौडेललाई भारतीय राष्ट्रपति द्रौपदी मुर्मुले बधाई ज्ञापन गरेकी छिन् । पौडेललाई पृष्ठ २ मा

## भण्डारीको सचिवालयमा थिए ९७ जना

शपथ लिएसँगै राष्ट्रपति पौडेलले आफ्नो सचिवालय निर्माणको तयारी थालेका छन् ।

राष्ट्रपति कार्यालयका अनुसार निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रपति कार्यालयमा विज्ञसहित ९७ जनालाई विभिन्न पदमा नियुक्त गरेकी थिइन् ।

तर, पौडेलले त्यो संख्यालाई घटाउने उनी निकट नेताहरु बताउँछन् । एक अधिकारी भन्छन्, 'तत्कालका लागि १०/११ जनाको टोली बन्छ होला ।'

## प्रचण्ड खुशी

राष्ट्रपति पौडेलले शपथ लिइसकेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफू खुशी भएको बताएका छन् । संवैधानिक पदहरुमा राजनीतिक दलहरुको शक्ति सन्तुलन मिलेको भन्दै उनले यस्तो बताएका हुन् । राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष लगायतका संवैधानिक पदहरुमा फरकफरक राजनीतिक दलहरुको प्रतिनिधित्व भएको भन्दै यसले आफूलाई खुशी र गर्वको महसुस गराएको बताए । संवैधानिक पदहरुमा राजनीतिक सन्तुलन मिल्दा 'चेक एण्ड ब्यालेन्स' हुने उनको भनाइ छ । 'मलाई खुशी के मा पनि छ भने हामी कति सहमति र समझदारीबाट जानसक्यौं, सकेनौं त्यो त एउटा कुरा हो । तर सन्तुलन हामीले कायम गरेका छौं । राष्ट्रपति, सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष, उपराष्ट्रपति हेर्‍यो भने विभिन्न पृष्ठ २ मा

# अप्ठ्यारोमा अर्थतन्त्र

कान्ति न्यौपाने/मध्यान्ह
काठमाडौं, २९ फागुन ।

गत साता अमेरिकी बैंक सिलिकन भ्याली टाट पल्टिएपछि नेपालमा पनि त्यसको प्रभाव देखापर्न थालेको छ । एकपछि अर्को गर्दै लघुवित्त र सहकारी डुबिरहँदा नेपाली बैंकहरु पनि प्रभावमा पर्नसक्ने चर्चा हुन थालेको हो । कोरोना, महंगी र भ्रष्टाचारको कारण दबावमा परेर बलियो हुननसकेको अर्थतन्त्र थप संकटउन्मुख हुने भन्दै विज्ञहरुले सरकारलाई अर्थतन्त्र बचाउन सुझाव समेत दिदैं आएका छन् ।

'अमेरिकी बैंक डुब्नु नेपालका लागि पनि ठूलो सन्देश हो, तसर्थ, अर्थतन्त्र सुधारका लागिसरकारले व्यापक रूपमा पुँजीगत खर्च बढाउन र आयातलाई प्रतिस्थापन गर्नमा ध्यान दिनुपर्ने देखिन्छ,' अर्थविद् डा. चन्द्रमणि अधिकारीले भने । उनले अर्थतन्त्र सुधारका लागि योजनाबद्ध उपाय अघि बढाएर जानुपर्नेमा जोड दिएका छन् ।

मुलुकको आन्तरिक उत्पादन, रोजगारीका अवसरमा संकुचन, नेपालमा वस्तुको मूल्यवृद्धिको प्रवृत्ति र जनताको नियमित आयको प्रणालीबीच सन्तुलन कायम नहुँदा अर्थतन्त्रमा सुधार हुन नसकेको राष्ट्रबैंककै प्रतिवेदनले देखाउँछ ।

चालु आर्थिक वर्षको सात महिनाको समग्र आर्थिक तथा वित्तीय प्रतिवेदनले माघसम्म रेमिट्यान्स २७ प्रतिशतले बढेको भने शोधनान्तर १ खर्ब ३३ अर्बले बचतमा रहेको देखिन्छ । त्यस्तै, विदेशी मुद्रा सञ्चिति १३ खर्ब ८३ अर्ब रुपैयाँ रहेको छ भने मूल्यवृद्धि ७.८८ प्रतिशतले भएको देखिन्छ ।

'खाद्यान्न, तेल, माछामासु वा तरकारीको मूल्य हेर्दा महँगी दर दोहोरो अङ्कमा छ,' राष्ट्रिय योजना आयोगका पूर्वसदस्य समेत रहेका अर्थशास्त्री पोषराज पाण्डे बताउँछन् । तर, नेपाली अर्थतन्त्र दबावमा भएपनि सतर्कता र संयमसाथ चलायमान गराउन सकिने उनको भनाई छ ।

तथ्यांकअनुसार खाद्य तथा पेय पदार्थ समूहको मूल्यवृद्धि ६.१९ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको ९.२२ प्रतिशतले भएको छ । त्यस्तै, रेस्टुरेन्ट तथा होटल उपसमूहको वार्षिक बिन्दुगत मूल्यवृद्धि १५.२४, खाद्य तथा खाद्यजन्य पदार्थको १२.३९, सुर्तीजन्य पदार्थको १०.८३, मदिराजन्य पेय पदार्थको ८.७८ प्रतिशत र मरमसलाको ८.०४ प्रतिशतले बढेको राष्ट्रबैंकको प्रतिवेदनले देखाउँछ ।

त्यस्तै, यातायाततर्फ मूल्यवृद्धि १५.५८, स्वास्थ्यको १०.३९, फर्निसिङ तथा घरायसी उपकरणहरूको ९.७८ र मनोरन्जन तथा संस्कृतिको ८.८१ प्रतिशतले भएको देखिन्छ । मूल्यवृद्धिले सीमित व्यापारी, व्यवसायी, उद्योगी र बिचौलियालाई सहज हुन्छ भने खासगरी न्यून आय भएका श्रमजिवी र गरिवलाई असहजता भएको भन्दै मूल्यवृद्धि नियन्त्रण हुनुपर्ने आवाज उठेका छन् । मुलुकको आन्तरिक उत्पादन, रोजगारीका अवसरमा संकुचन, नेपालमा वस्तुको मूल्यवृद्धिको प्रवृत्ति र जनताको नियमित आयको प्रणालीबीच सन्तुलन कायम नहुँदा अर्थतन्त्रमा सुधार हुननसकेको राष्ट्रबैंककै प्रतिवेदनले देखाउँछ । तर पनि, दवावमा रहेको अर्थतन्त्र सुधारमा भन्दा राजनीतिक नेतृत्वको ध्यान राजनीतिक खिचातानीमै छ । यो प्रवृत्तिमा सुधार नभए नेपाली अर्थतन्त्र थप धराशायी हुनसक्ने टिप्पणी हुँदैआएको छ ।

वैदेशिक रोजगार विशेष

# साईम डार्बी प्लान्टेशनले लोकल कामदारको आधारभूत तलब तीन हजार रिंगेट पुऱ्याउने

मध्यान्ह संवाददाता
काठमाडौं, २९ फागुन

मलेसियामा प्लान्टेशनमध्येको ठूलो कम्पनी साईम डार्बी प्लान्टेसन बीएचडी (एसडीपी)ले प्रविधिको सहयोगमा आगामी ४ वर्षभित्र कामदार भर्नाका विषयमा अभूतपूर्व परिवर्तन गर्ने घोषणा गरेको छ ।

केही दिनअघि विदेशी कामदार भर्ना बापतको करिब साढे २ अर्ब रूपैयाँ फिर्ता गरेको उक्त कम्पनीले सन् २०२७ सम्म आफ्नो कम्पनीमा शतप्रतिशत मलेसियाली कामदार प्रयोग गर्ने भन्दै उनीहरूको तलब न्यूनतम ३ हजार रिँगेट पुऱ्याउने लक्ष्य सार्वजनिक गरेको छ । विदेशी कामदार विस्थापित गर्न प्रविधि र अटोमेसनले सहयोग गर्ने उक्त कम्पनीले बताएको छ ।

एसडीपी ग्रुपका म्यानेजिङ डाइरेक्टर हेल्मी वथमान भाषाले प्लान्टेशन क्षेत्रमा यान्त्रिकीकरण, अटोमेसन र डिजिटलाइजेशन प्रयोग गरी आप्रवासी कामदार भर्नाको चाप हटाउने योजना कार्यान्वयन शुरूवात गरेको बताए ।

मलेसियामा प्लान्टेशन क्षेत्र 'थ्री डी' अर्थात् 'डिफिकल्ट, डेन्जर र डर्टी' अन्तर्गत परिभाषित छ । ती काममा हाल मलेसियाका नागरिकले तलब थोरै भएको गुनासो गर्दै काम गर्ने इच्छा नदेखाएपछि मलेसियन कम्पनीहरूले विदेशी कामदार लिएर काममा लगाइरहेका छन् ।

तर इम्प्लोइमेण्ट पे मोडलमा कामदार भर्ना गर्नुपर्ने अन्तर्राष्ट्रिय दबाबका कारण उत्पादनको तुलनामा लागत बढेको भन्दै रोजगारदाताहरूले सकेसम्म यान्त्रिकीकरण र अटोमेसनमा जानुपर्ने धारणा राख्दै आएका छन् ।

## क्रोएसिया पठाइदिने भन्दै ठग्ने पक्राउ

काठमाडौं/मस- वैदेशिक रोजगारीका लागि आकर्षक तलबमा क्रोएसिया पठाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा काभ्रेको रोशी गाउँपालिका-८ का मेघलाल तामाङ रहेका छन् ।

युवाहरूबाट रकम लिई सम्पर्कविहीन भएपछि पीडितहरूको उजुरीका आधारमा मेघलाल तामाङलाई सोमबार राजधानीको मिनभवनबाट पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता पृष्ठ २ मा

# संसदको डिजिटल अभिलेख गायब !

संसदको वेबसाइटमा रहेका डाटाहरु "क्र्याक" (हराए) भए । त्यससँगै संघीय संसदको वेबसाइटबाट संविधानसभाका गतिविधि समेत डिलिट भएका हुन् । पुन: रारवनेतर्फ सरोकारवालाहरुको ध्यान पुग्न सकिरहेको छैन् ।

अस्मिता बम/मध्यान्ह
काठमाडौं, २९ फागुन ।

पहिलो र दोस्रो संविधानसभाका हरेक दिनका बैठकका भिडियो, अडियो, फोटो प्रतिवेदनहरु वेबसाइटमा राखिएका थिए । तर, ति कुनै पनि सामाग्री संघीय संसद सचिवालयको वेबसाइटमा भेटिन्न । संसद सचिवालयका उपसचिव जगदीश न्यौपानेका अनुसार पछिल्लो समय १० साउन २०७७ देखि १४ साउन २०७७ सम्म ४ दिन संसदको वेबसाइट डाउन भएको थियो । त्यसबेला संसदको वेबसाइटमा रहेका डाटाहरु 'क्र्याक' (हराए) भए । त्यससँगै संघीय संसदको वेबसाइटबाट संविधानसभाका गतिविधि समेत डिलिट भए ।

२०६२/६३ मा भएको शान्तिपूर्ण जनआन्दोलनपछि जारी गरिएको अन्तरिम




संविधान अनुरुप सम्पन्न संविधान सभाको निर्वाचन पश्चात् गठन भएको संविधानसभाको पहिलो बैठक (१५ जेठ २०६५) ले राजतन्त्र उन्मूलन गरी नेपालमा गणतन्त्र स्थापनाको घोषणा गरेको थियो ।

उक्त ऐतिहासिक संविधानसभाको पहिलो बैठकको दृश्य संसदको वेबसाइटमा छैन । दोस्रो संविधानसभाबाट ३ असोज २०७२ मा नेपालको संविधान जारी भएको थियो । उक्त ऐतिहासिक घटनाको दृश्य पनि अहिले संसदको वेबसाइटमा भेटिन्न ।

संसदले आफैंले भारतीय कम्पनीसँग किनेको 'न्यास डिभाइस' बाट डाटाहरु कसरी हराए भन्ने विषयमा ठोस अध्ययन भएको छैन । कसको कमजोरी हो भन्ने विषयमा कुनै आधिकारिक सोधखोज र जानकारी लिएको रेकर्ड पनि छैन । बरु संसदमा महत्वपूर्ण डाटा हराउँदा यससँग सरोकार राख्ने दुई निकाय संसद सचिवालय र राष्ट्रिय सूचना प्रविधि केन्द्र (गभर्मेन्ट इन्टिग्रेटेड डाटा सेन्टर (जीआईडीसी) एक अर्कोलाई देखाइरहेका छन् ।

सरकारी डाटा नहराउन भनेर सिंहदरबारमा रहेको डाटा सेन्टरको ब्याकअपका लागि हेटौंडामा 'डिजास्टर रिकभरी सेन्टर' छ । जस्तोसुकै प्राकृतिक पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
३० फागुन २०७९, मंगलबार
14 March 2023, Tuesday

# रासायनिक मलमा अनुदान कटौती, मूल्य बढ्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ फागुन



सरकारले रासायनिक मलको खरिदमा कृषकलाई दिँदै आएको अनुदान घटाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयकाअनुसार मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको सोमबारको बैठकले अनुदान घटाउने निर्णय गरेको हो । 'रासायनिक मलमा यसअघि समग्रमा ७० दशमलव ८२ प्रतिशत बराबर अनुदान दिइरहेकोमा अब ५९ दशमलव ०४ प्रतिशत कायम गरिएको छ । यो दरलाई क्रमशः ५० प्रतिशतमा झारिनेछ', कृषि मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

सरकारले मलको अनुदान घटाएसँगै कृषकले यसअघि खरिद गर्दै आएको मूल्य पनि बढ्ने भएको छ। अनुदान कटौतीपछि आयात बिन्दुमा युरिया प्रतिकिलो रु. २५, डिएपी प्रतिकिलो रु. ५० र पोटास प्रतिकिलो रु. ४० मा बिक्री वितरण हुनेछ। यसअघि आयात बिन्दुमा युरिया प्रतिकिलो रु. १४, डिएपी प्रतिकिलो रु. ४३ र पोटास प्रतिकिलो रु. ३१ मा बिक्री वितरण भइरहेको थियो ।

साबिकभन्दा अब युरिया प्रतिकिलो रु. ११, डिएपी प्रतिकिलो सात र पोटास प्रतिकिलो नौ महँगो पर्ने भएको छ । सरकारले यसअघि युरियामा ८० प्रतिशत, डिएपीमा ६० प्रतिशत र पोटासमा ५९ प्रतिशत अनुदान दिइरहेको थियो । तर अब युरियामा ६४ दशमलव ४९, डीएपीमा ५२ दशमलव ३८ र पोटासमा ४६ दशमलव ०९ प्रतिशत मात्रै अनुदान दिइनेछ ।

अर्थ मन्त्रालयले रासायनिक मलको अनुदान घटाउन भनेपछि यस्तो निर्णय गरिएको पनि कृषि मन्त्रालयले जनाएको छ । 'रासायनिक मलको बढ्दो माग, बढ्दो अन्तर्राष्ट्रिय मूल्य र तद्अनुरुप रासायनिक मलमा बढ्दो अनुदान रकमलाई ध्यानमा राख्दै अर्थ मन्त्रालयको पत्रअनुसार स्रोत सुनिश्चितता गर्दाको शर्तकोरुपमा रासायनिक मलमा दिँइदै आएको अनुदानलाई लागतको ५० प्रतिशतमा सीमित राख्ने राय आएको छ', कृषि मन्त्रालयको विज्ञप्तिमा भनिएको छ।

मन्त्रालयका अनुसार नेपालका लागि वार्षिक पाँच लाख २० हजार मेट्रिक टन रासायनिक मल आवस्यक पर्छ । मलमा कृषकलाई अनुदान उपलब्ध गराउन चालु आर्थिक वर्ष २०७९/८० को बजेटमा रु. १५ अर्ब ६ लाख छुट्याइएको थियो । गत साउन २७ गते अर्थ मन्त्रालयबाट रु. १६ अर्ब स्रोत सुनिश्चितता दिइएको थियो भने यही फागुन ८ गते सात अर्ब ५० करोडको स्रोत सहमति दिइएको थियो । यसरी चालु आर्थिक वर्षका लागि रासायनिक मल शीर्षकमा कुल रु. ३८ अर्ब ५० करोड ६ लाख बजेट कायम भएको छ ।

हालसम्म कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट्र टेडिङ कर्पोरेसनबाट कूल तीन लाख ३१ हजार पाँच सय मेट्रिक टन रासायनिक मल खरिद भइसकेको मन्त्रालयले जनाएको छ । यसरी खरिद भएको मलमध्ये करिब दुई लाख ३७ हजार पाँच सय मेट्रिक टन मल आयात भइसकेको छ भने ९४ हजार मेट्रिक टन आयातका क्रममा रहेको छ । यसवर्ष धानबालीका लागि यसवर्ष ९० हजार मेट्रिक टन मल अपुग हुने पनि मन्त्रालयले जनाएको छ ।

# सर्वोच्चको आदेशमा डेरी एशोसिएसनको असहमति



**काठमाडौं/मस–** कृषिमा विदेशी लगानी ल्याउन पाउने सर्वोच्च अदालतको आदेशमा नेपाल डेरी एशोसिएसनले असहमति जनाएको छ । समग्र किसानहरुको जीविकोपार्जनमा प्रत्यक्ष असर पर्ने भएकाले परापूर्व कालदेखि कृषि पेशालाई जीविकोपार्जनको आधार बनाई जीवननिर्वाह अर्थतन्त्रमा दैनिक गुजारा गरिरहेका समग्र कृषि क्षेत्रमा आस्रित सबैजनाको अवस्था दयनीय हुने एशोसिएसनले जनाएको छ ।

एशोसिएसनका अध्यक्ष प्रल्हाद दाहालले सोमबार विज्ञप्ति जारी गर्दै 'कृषि पेशामा रहेको परम्परागत मौलिक प्रविधि, ज्ञान र सीपको राज्यबाट संरक्षण हुनुपर्नेमा नेपाली भूमिहिन, सिमान्त, कृषि श्रमिक, महिला र किसानहरुलाई बिर्सेर केही ठूला लगानीकर्ताहरुको पहलमा साना कृषि क्षेत्रको हितलाई प्रतिकूल हुनेगरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७७/०५/२८ को निर्णयबाट कृषि क्षेत्रमा वैदेशिक लगानी भित्र्याउने विषयमा अध्ययन गर्न तत्कालीन उद्योग विभागका महानिर्देशकको संयोजकत्वमा गठित कार्यदलले दिएको प्रतिवेदनलाई आधार मानी नेपाल सरकारले कृषि क्षेत्रमा बैदेशिक लगानी खुल्ला गर्न मिति २०७७/०९/२० मा नेपाल राजपत्रको भाग २ मा प्रकाशन गरी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को अनुसूचीको बुँदा नम्बर १ मा संशोधन गरी कृषि क्षेत्रमा समेत ठूला वैदेशिक लगानी खुला गरिनु दुःखद विषय थियो ।'

यसको विरुद्धमा देशको कुल कृषक संख्याको ७० प्रतिशतभन्दा बढि कृषि क्षेत्रमा लाग्नेहरुले अवलम्बन गर्दै आएको कृषि प्रणाली नै खलबलिने साथै समग्र किसानहरुको जीविकोपार्जनमा प्रत्यक्ष असर पर्ने भएकाले आम क्षेत्र र किसानहरुको हितमा काम गर्ने विभिन्न संघ संगठनहरुले सर्वोच्च अदालतमा कृषि क्षेत्रको पक्षमा वहश समेत गराई वैदेशिक लगानी विरुद्धमा नेपाल डेरी एशोसिएसन एकल र संयुक्त रुपमा निरन्तर चरणबद्ध अभियान चलाउँदै आइरहेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

कृषिमा वैदेशिक लगानी खुला गरिँदा कृषि प्रधान देशको रुपमा परिचित नेपाल कालन्तरमा आफ्नो खेतबारीबाटै पलायन हुने, दैनिक रोजीरोटी र जीविकोपार्जनबाट बञ्चित हुने अवस्थाको श्रृजना भई संविधानले सुनिश्चित गरेको कृषकको मौलिक हक समेत हनन् हुने भएकाले सबै कृषि क्षेत्रमा सरोकार राख्नेहरुको अधिकार रक्षाको लागि वैदेशिक लगानी नभई नेपाली लगानी मार्फतबाटै नेपाली कृषि क्षेत्रलाई प्रविधि सम्पन्न बनाई कृषि विकासको माध्यमबाट देशको अर्थतन्त्र निर्माणमा टेवा पुऱ्याउन, बेरोजगार साना किसानहरु, साथै कृषि उत्पादनमा आधारित उद्यमीको अधिकार सुनिश्चितताको लागि डेरी एशोसिएसनले अपिल गरेको छ ।

# देवदह आदर्श क्याम्पसको स्ववियु सभापतिमा ३ जनाको उम्मेदवारी

**रेशम अधिकारी/मध्यान्ह**
देवदह, २९ फागुन



चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनले राजनीतिक माहोल तातेको छ । शनिबार मनोनयन गरेर विद्यार्थी संगठनहरु चुनावी मैदानमा होमिएका छन् । रुपन्देहीस्थित देवदहको देवदह आदर्श बहुमुखी क्याम्पसको स्ववियु सभापतिका लागि ३ जनाले उम्मेदवारी दिएका छन्। निर्वाचनमा नेपाल विद्यार्थी संघ र एकीकृत समाजवादी निकट अनेरास्ववियु संयुक्त विद्यार्थी गठबन्धनको तर्फबाट माधव भट्टराईले उम्मेदवारी दिएका हुन् । उनी नेविसंघका उम्मेदवार हुन्। यस्तै सचिवमा सविता अधिकारी, कोषाध्यक्षमा शिशिर भट्टराई, सदस्यहरूमा सुस्मिता न्यौपाने, रश्मि अधिकारी, दिनेश न्यौपाने, आरती पराजुली, रचना पोखेरलले उम्मेद्वारी दिएका छन् । देवदह आदर्श क्यापसमा केन्द्रीय गठबन्धनअनुरूप भागबण्डा नमिलेपछि माओवादी केन्द्र निकट अखिल क्रान्तिकारी एकल चुनावी प्रतिस्पर्धामा जाने भएको छ। अखिल क्रान्तिकारीदेखि स्ववियु सभापतिका लागि धनी कुमारी पन्थीले उम्मेद्वारी दिएकी छन् भने कोषाध्यक्षमा दिपेश सापकोटा, सचिवमा रबिन न्यौपाने, सदस्यहरूमा सुनिता गैरे, लक्ष्मण भट्टराई, मोनिका सुनारले उम्मेदवारी दिएका छन् ।

यस्तै एमाले निकट अनेरास्ववियु पनि निर्वाचनमा एकल रूपमै होमिँदै छ। अनेरास्ववियुदेखि अर्जुन गैरेले सभापति पदमा उम्मेदवारी दर्ता गराएका हुन् भने कोषाध्यक्षमा सोबराज जैसी, सचिवमा गौराब ज्ञवाली, सदस्यहरुमा रविन परियार, अमृता पाठक, भुवन थापा, लेखिका मल्ल, सरोज गिरि चुनावी प्रतिस्पर्धामा भिड्ने छन् ।

२१ सदस्यीय स्ववियु कार्यसमितिका लागि कुल २२ जनाले उम्मेदवारी दर्ता गराएका क्याम्पसको स्ववियु निर्वाचन समितिले जनाएको छ ।

फागुन २७ गते बिहान ११ देखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता तोकिएको छ । यस्तै कार्यतालिका अनुसार फागुन २८ गते बिहान ११ देखि दिउँसो २ बजेसम्म उम्मेदवारको नामावलीमाथि दाबी-विरोध र फागुन २८ गते साँझ ५ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशनको समय तोकिएको छ । स्ववियु निर्वाचनको कार्यतालिका प्रकाशनपछि क्याम्पसको वार्षिक प्रणालीअन्तर्गतका स्नातक प्रथम वर्षको विद्यार्थी भर्ना बन्द गरिएको छ ।

स्ववियु निर्वाचनमा २८ वर्ष उमेरहद र मिश्रित निर्वाचन प्रणालीमा निर्वाचन गर्न लागिएको हो । निर्वाचनमा वि.सं २०५१ चैत १८ गते जन्ममिति र सो भन्दा पछि जन्मिएका विद्यार्थी उम्मेदवार हुन पाउनेछन् ।

# बेलायत लैजाने प्रलोभन देखाएर ठगी



**काठमाडौं/मस–** बेलायत लैजाने लोभ देखाएर अनलाइनमार्फत ठगी गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा ललितपुरको महालक्ष्मी नगरपालिका १ की ३६ वर्षीया अञ्जली बिसुन्के रहेकी छिन् । उनले फ्याङ्लीन पाउल नामको सामाजिक सञ्जालबाट आफू बेलायती पुरुष भएको र आफ्नो श्रीमतीको मृत्यु भएकाले नेपाल आएर बेलायत लैजाने भनी लोभ देखाएर १५ लाख २० हजार रूपैयाँ ठगी गरेकी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

उनले पीडितलाई सामाजिक सञ्जाल टिकटकमार्फत साथी बनाई आफूलाई बेलायतको नागरिक बताएको र नेपाल आएपश्चात् विवाह गरी बेलायत लैजाने प्रलोभन देखाउनुका साथै जुत्ता, ब्याग, आइफोन, सुनका गरगहना र ७० हजार अमेरिकी डलर समेतको गिफ्ट पठाइदिएकाले कुरियरबाट सम्पर्क आउने भनी ठगी गरेको प्रहरी परीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिए ।

त्यसका लागि उनले कुरियरले सम्पर्क गर्छ भनी फोटो भिडियोसमेत पठाएर पीडितलाई विश्वास दिलापश्चात् कुरियर कार्यालयबाट पार्सल पाउनका लागि एन्टी मनी लउन्ड्रिङ, डेलिभरी चार्ज, भन्सार शुःल्क, इन्सुरेन्स चार्ज, क्लिरियन्स चार्जजस्ता प्रयोजनमा रकम तिर्नुपर्छ भनी पीडितलाई विभिन्न व्यक्तिका नाममा रहेको बैंक खातामा पटकपटक गरी रकम पठाउन लगाएको अनुसन्धानमा खुलेको प्रहरीले जनाएको छ ।

उक्त रकम पठाउन लगाई ठगी गरेको उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरी ठगीसम्बन्धी कसूरमा आवश्यक अनुसन्धान एवं कारबाहीका लागि जिल्ला प्रहरी परिसर टेकु पठाइएको महाशाखाले जनाएको छ ।

## शीलत...

भारतीय समकक्षी मुर्मुले एक पत्र लेखी नेपालको राष्ट्रपतिमा नियुक्त भएकोमा आफू र भारतीय नागरिकका तर्फबाट हार्दिक बधाई ज्ञापन गरेकी हुन् ।

पत्रमा उनले भारत र नेपालबीच छिमेकी देशका हैसियतले निकै लामो समयदेखि सौहार्द्रपूर्ण सम्बन्ध रही आएको र दुई देशका नागरिकबीच जनसम्पर्क महत्वपूर्ण रहेको उल्लेख गरेकी छिन् ।

पत्रमा भारतीय राष्ट्रपति मुर्मुले भारत र नेपालबीचको निकै पुरानो सम्बन्धमा पछिल्ला केही वर्ष यता उल्लेखनीय प्रगति हुँदै गएको र यसका माध्यमबाट दुवै देशका नागरिकले पारस्पारिक लाभ लिन सकेका उल्लेख गरेकी छिन् । राष्ट्रपति पौडेलको कार्यकालमा र उनको नेतृत्वमा भारत र नेपालबीच बहुपक्षीय र बृहत्तर सम्बन्ध थप सुदृढ बन्ने कुरामा आफू विश्वस्त रहेको पनि राष्ट्रपति मुर्मुको बधाई सन्देशमा उल्लेख छ ।

राष्ट्रपति पौडेललाई छिमेकी मुलुक चीनले पनि बधाई दिएको छ। काठमाडौँस्थित चिनियाँ राजदूत चेन सङले सामाजिक सञ्जाल ट्विटरमा राष्ट्रपति पौडेललाई बधाई दिएका हुन् । उनले भनेका छन्, 'नयाँ राष्ट्रपति रामचन्द्र पौडेलको सफल कार्यकालको शुभकामना। तपाईको नेतृत्वमा नेपाल र चीनबीचको मैत्रीपूर्ण सम्बन्ध थप विस्तार हुने विश्वास राखेका छौं ।'

## प्रचण्ड...

राजनीतिक दलबाट छ । र त्यहाँ सन्तुलन छ । चेक एण्ड ब्यालेन्स हुने किसिमको शक्ति सन्तुलन कायम गरिएको छ' उनले भने ।

यो सन्तुलन कायम गर्ने प्रक्रियामा आफूले भूमिका खेल्ने अवसर पाएको भन्दै प्रचण्डले भने, 'तत्काल त कसैलाई अलि नमिठो लागेको हुनसक्छ । कसैलाई अलि बढी मिठो लागेको हुन पनि सक्छ। तर समग्रमा हेरियो भने एउटा सन्तुलन कायम गरिएको छ। र अब हामीले विकास, समृद्धि र आवश्यक ऐन निर्माणको प्रक्रियामा जानु छ।'

## क्रोएसिया...

एवं एसपी सोमेन्द्रसिंह राठौरले जानकारी दिए ।

तामाङले मासिक एक लाखभन्दा धेरै तलब हुने भन्दै तीन जना युवालाई क्रोएसिया जान प्रतिव्यक्ति ७ लाख रुपैयाँ लाग्ने बताएर १५ लाख ठगेको प्रहरीले दाबी गरेको छ । प्रहरीले तामाङलाई वैदेशिक रोजगार ऐनअनुसार कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगरमा पठाइएको बताएको छ ।

वैदेशिक रोजगार ऐनमा इजााजतपत्र नलिई कसैलाई वैदेशिक रोजगारमा पठाइदिने प्रलोभन दिई ठगी गरेमा सात वर्षसम्म कैद बिगो असुली र बिगो रकमको डेढी रकम जरिवाना हुने प्रावधान छ ।वैदेशिक रोजगार ऐनमा इजााजतपत्र नलिई कसैलाई वैदेशिक रोजगारमा पठाइदिने प्रलोभन दिई ठगी गरेमा सात वर्षसम्म कैद बिगो असुली र बिगो रकमको डेढी रकम जरिवाना हुने प्रावधान छ ।

## संसदको ...

प्रकोप तथा मानवीय त्रुटिमा समेत नष्ट नहोस् भनेर यो सेन्टर बनाइएको हो । हेटौंडामा सेन्टर बन्नु भन्दा पहिलेकै डाटा भएकाले समस्या भएको पनि अधिकारीहरु बताउँछन् ।

संसद सचिवालय जीआईडीसीले हराएको डाटा रिकभर गरिदिनुपर्ने बताउँछ । जीआईडीसी सर्भर दिने आफूहरुको मुख्य जिम्मेवारी रहेको जवाफ फर्काउँछ । हराएको भनिएको डाटा रिकभर हुन सक्ने विकल्पमा संसद सचिवालय जान सक्ने जीआईडीसीका अधिकारीहरुको सुझाव छ । दुवै निकाय सिंहदरबारभित्रै छन् ।

पुराना मात्रै नभएर नयाँ डाटाहरु पनि संसद सचिवालयको डिजिटल अखिलेखमा छैनन् । संसदले लिएका सांसदका विवरण पनि वेबसाइटबाट हराउने गरेका छन् । सांसदहरुको विवरण संघीय संसद सचिवालयले लिन्छ । सांसदको नागरिकता, बैंक खाता, पारिवारिक विवरण (आमाबुबाको नाम, श्रीमान/श्रीमतीको नाम, छोराछोरीको नाम), सम्पत्ति विवरण, मतदाता नम्बर, शैक्षिक योग्यता लिएर संसदले राख्छ । यी मध्ये कतिपय विवरण वेबसाइटमा राख्छ कतिपय राख्दैन ।

संसदले कतिपय संसदीय गतिविधिलाई पनि वेबसाइटमा राख्छ। संसदीय विषयगत समितिमा भएका छलफल र त्यसक्रममा अन्य सरकारी निकायले उपलब्ध गराएका कतिपय विवरण वेडसाइटमा राख्दैन्। पछिल्लो समय खुलापनको अभ्यास गरिरहेको संघीय संसदको सभाको बैठक प्रत्यक्ष प्रसारण हुन्छ। संसदमा भएका छलफलहरु वेबसाइटमा राख्छ ।

संसदले कानुन बनाउने प्रक्रियामा प्राप्त हुने दस्तावेजलाई पनि वेबसाइटमा राख्छ। सरकारी वा गैरसरकारी विधेयक दर्ता भएपछि वेबपेजमा राख्छ । सम्बन्धित विषयगत समितिले दफावार छलफलपछि तयार भएको प्रतिवेदनलाई सम्बन्धित समितिको तर्फबाट राख्ने अभ्यास छ। कतिपय विषयगत समितिले सांसदहरुको उपस्थितिलाई समेत वेबसाइट मार्फत सार्वजनिक गर्छन ।

प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा सांसदहरुको भिडियो प्रोफाइल समेत बनाएर वेबसाइटमा राखिएको थियो। जहाँ आफ्नो नाम, ठेगाना, राजनीतिक जीवन, संसदीय यात्रा, अनुभव र सांसदका रुचिका विषय समावेश थिए ।

त्यसअगाडि जननिर्वाचित प्रतिनिधिसभाले संविधान बनाउँदाका बखत विभिन्न विषयकेन्द्रित सुझावहरु र त्यसका प्रतिवेदनहरु समेत वेबसाइटमा राखिएका थिए। तर, सचिवालयको वेबसाइटमा ति दतावेजहरु भेटिँदैनन् ।

VACANCY
ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
PRO (Public Relation Officer) – 1 (Female/Male)
Documentation -1 (Female/Male)
योग्यताः- +२ उतिर्ण भई कम्तिमा २ वर्ष उक्त काममा अनुभव भएका महिलालाई विशेष प्राथमिकता दिईनेछ ।
तलब आपसी सम्झदारीमा तोकिनेछ ।
Growth Process International Employment Pvt. Ltd
BASUNDHARA 03, KATHMANDU, NEPAL, POST BOX NO.: 12839,
Phone No. 9851176159/9869416889
EMAIL: growthprocessinternationalempl@gmail.com/ paschimnepal.overseas@gmail.com
श्रम ईजाजत पत्र नं. ५१८/०६१/०६२

KUWAIT मा रोजगार | कम्पनी: TAWSEEL GENERAL TRADING COMPANY
शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८२८३१ LT. No.: 266747 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 6 | 0 | स. काममा दक्ष | 135 | ५७,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: FOODNA UNITED GENERAL TRADING AND CONTRACITNG COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०८/१३ चलानी नं.: ६०१९२४८७ LT. No.: 276836 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 5 | 0 | सम्बन्धित कामामा दक्ष | 140 | ५९,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Butcher | 5 | 0 | | 140 | ५९,७६५ | | | | | | | |
| 3. | Kitchen Cleaner | 7 | 0 | | 90 | ३८,४२० | | | | | | | |
| 4. | Kitchen Helper | 2 | 0 | | 100 | ४२,६८९ | | | | | | | |
| 5. | Restaurant Crew | 10 | 0 | | 130 | ५५,४९६ | | | | | | | |
| 6. | Sandwich Maker / Commi | 1 | 0 | | 130 | ५५,४९६ | | | | | | | |
| 7. | Sous Chef | 4 | 0 | | 230 | ९८,१८५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र ७ गते (21 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

GOLD OVERSEAS PVT. LTD.
Basundhara Kathmandu, Tel: 5903225, Mob.: 9807979144
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com
Govt. Lic. No. 1210/073/074

## कर्णाली प्रदेश सरकार

# माओवादीसँग सहकार्य नतोड्ने एमाले चाहना

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २९ फागुन

कर्णाली प्रदेशका एमाले नेताहरुले प्रदेश सरकारमा माओवादीसँगका सहकार्य निरन्तर कायम राख्ने प्रस्ताव राखेका छन् ।

कर्णालीमा गत पुस २७ गते नेकपा एमालेको समर्थनमा नेकपा माओवादी केन्द्रका राजकुमार शर्मा मुख्यमन्त्री बनेका थिए । केहीदिनको रस्साकस्सीपछि एमाले र माओवादीले कर्णालीमा आलोपालो सरकार बनाउने सहमतिसहित अहिले ३/३ वटा मन्त्रालयको जिम्मेवारी सम्हालिरहेका छन् ।

तर, संघमा सत्ता समीकरण फेरिएसँगै त्यसको प्रभाव कर्णाली प्रदेश सरकारमा परेको छ । १० पुसमा एमाले र माओवादी मिलेर बनेको एमाले नेतृत्वको तत्कालीन गठबन्धनको भागबण्डा अनुसार कर्णाली प्रदेशको नेतृत्व (मुख्यमन्त्री) माओवादीले लिएको छ । तर, ११ फागुनमा एमाले छाडेर माओवादीले ८ दलीय गठबन्धन बनाएपछि राजनीति नयाँ कोर्समा अगाडि बढेको छ । ८ दलीय गठबन्धनमा थप दुई दल थपिएर १० दलको समर्थनमा राष्ट्रपतिमा रामचन्द्र पौडेल निर्वाचित भएसँगै प्रदेश सरकार हेरफेरको चर्चा हुन थालेको छ ।

बाम सरकारमा माओवादीबाट मंगलबहादुर शाही भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्री, कृष्ण जिसी आन्तरिक मामिला तथा कानून मन्त्री र भीमप्रकाश शर्मा भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्री बनेका छन् । त्यस्तै, एमालेबाट विनोदकुमार शाह आर्थिक मामिला तथा योजना मन्त्री, टेकराज पछाई सामाजिक विकास मन्त्री र जीतबहादुर बुढा उद्योग पर्यटन वन तथा वातावरण मन्त्री बनेका छन् ।



केन्द्रमा विगतमा बनेको समिकरण भत्किएपनि कर्णालीमा पनि वर्तमानको सरकार नभत्कने नेकपा एमालेका प्रदेश अध्यक्ष एवं प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री विनोदकुमार शाहको दाबी छ । फेरि पनि माओवादीसँग मिलेरै सरकार चलाउने उनको दाबी छ ।

उनी भन्छन्, 'यहाँ माओवादी र एमालेको सम्बन्ध अहिलेसम्म त्यस्तो नराम्रो छैन । केन्द्रमा एमाले बाहिरियो भन्दैमा प्रदेशमा पनि बाहिरिनै पर्छ भन्ने छैन् । सकेसम्म हामी मिलेरै जानुपर्छ भन्ने हो ।'

माओवादीले सरकारबाट बाहिरिनुहोस् भनेको पनि छैन् । केन्द्रबाट पनि सरकार छोड्न भनि अहिलेसम्म कुनैपनि सर्कूलर आएको छैन् तर हामी बस्छौ पनि भन्न सक्दैनौ अब उपराष्ट्रपतिको निर्वाचन पछि बस्ने कि बाहिरिने भन्ने ठोस निर्णय हुन्छ' उनले थपे ।

माओवादीबाट भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्री बनेको मंगलबहादुर शाहीले पनि एमाले र माओवादी सकेसम्म मिलेरै जानुपर्ने बताए । उनले मुख्यमन्त्री राजकुमार शर्माले मौखिक रुपमा एमाले र माओवादी मिलेरै जाने कुराको प्रस्ताव गरेको समेत जानकारी दिए ।

शाहीले भने, 'हामीलाई पार्टीसँग मात्रै सहमति चाहिएको होइन कि जनताको समस्या र समाधानको लागि सबै मिलेर जान आवश्यक छ, सबै मिलेर जान सकेमा समृद्ध कर्णाली हुन्छ ।

नत्र आज यो पार्टीसँग गठबन्धन, भोलि अर्को पार्टीसँग गठबन्धन गर्ने हो भने त कर्णालीमा विकासको नाममा सिन्को समेत भाँचिदैन, त्यसैले हामी जसरी हुन्छ वर्तमान सरकारसँग नै मिलेर जाने प्रयासमा छौं ।'

यता, पूर्व मुख्यमन्त्री एवं नेपाली कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले नेकपा एमाले र माओवादी मिलेर गएमा आफूहरुलाई कुनै फरक नपर्ने बताए । उनले दुई बामपन्थी दलहरू मिल्दा राम्रो हुने बताए । शाहीले अहिलेसम्म प्रदेशको हकमा नेपाली कांग्रेस प्रतिपक्षमै भएको र माओवादी एमाले मिलेर जाने भएमा आफूहरुले केही गर्न नसक्ने प्रतिक्रिया दिए ।

# अवैध उत्खनन् गर्ने तीन स्काभेटर नियन्त्रणमा




**सिरहा/मस** – अवैध उत्खनन् गरिरहेको तीन वटा स्काभेटर जिल्ला समन्वय समिति सिरहाले नियन्त्रणमा लिएको छ । समन्वय समितिका प्रमुख दिनेशकुमार महतो नेतृत्वको टोलीले गोलबजार नगरपालिका ९ डण्डाटोल र नरहा गाउँपालिका ३ नयाँ चोहर्वाबाट तीनवटा स्काभेटर नियन्त्रणमा लिएको हो ।

जिल्लाबाट टोली आएको भन्ने जानकारी पाएपछि उक्त उत्खनन् क्षेत्रबाट टिप्परहरु भगाएको थियो । जिल्ला समन्वय समितिका प्रमुख दिनेश महतोले नियन्त्रणमा लिएको स्काभेटरहरुलाई कानून बमोजिम कारबाही गरिने बताएका छन् । उनले प्रकृया पूरा गरेरमात्र उत्खनन् गर्नुपर्ने बताए । प्रकृया पूरा नभएको भए त्यसैअनुसार जरिवाना र कारबाही गरिने उनले बताए ।

अनुगमनमा जिल्ला समन्वय समितिका उपप्रमुख दिलिप कुमार लामा, समन्वय अधिकारी दोपती कुमारी यादव, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधिसहित सशस्त्र प्रहरी, जनपथ प्रहरी तथा स्थानीय पत्रकारहरुको सहभागिता रहेको थियो । खानी दर्ता, सञ्चालन तथा नियमन गर्ने प्रमुख जिम्मा स्थानीय तहको भएपनि स्थानीय तह भने मौन रहेको देखिन्छ ।

# दाइजो प्रथाविरुद्ध सचेतनामूलक कार्यक्रम



**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २९ फागुन

सिरहामा प्रहरीले दाइजो प्रथाविरुद्धको सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ । समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ईलाका प्रहरी कार्यालय गोलबजारले जिल्लाको गोलबजार नगरपालिका वडा नम्बर ८ मा दाइजो प्रथाविरुद्धको सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको हो । वडा नम्बर ८ का वडा अध्यक्ष देबनारायण महतोको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रहरी सहायक हबल्दार कविता अधिकारी तथा प्रहरी कर्मचारीहरु, विभिन्न संघसंस्था, स्थानीय, भद्रभलादमी, समाजसेवी तथा बुद्धिजीवीहरुको उपस्थिति रहेको थियो ।

## भूल सुधार

मिति २०७९/११/२९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **कुवेत र युएईमा रोजगारको अवसर** शिर्षकमा, कम्पनी नं. २ को कम्पनीको नाम: SUPERBRIGHT CHOICE CLEANING SERVICES, पूर्व स्वीकृत मिति २०७९/११/२८, **LT. No.: 282471** र चलानी नं.: **६०१९७९२८** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.
License No.: 1542/078/079 (साविक GLOBAL SAPANA OVERSEAS PVT. LTD.)
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu,

## डिलासैनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
डिलासैनी, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

### आशय पत्र

**प्रकाशित मिति : २०७९/११/३०**

प्रस्तुत विषय सम्बन्धमा मिति २०७९/१०/०६ गते मध्यान्ह राष्ट्रिय दैनिक प्रत्रिकामा प्रकाशित सूचना, ठेक्का नं GSS/BTD/NCB/Works 01–2079–80 बमोजिम यस कार्यालय अन्तर्गतपवन निमार्ण सेवा शैल्यशिखर ९ दार्चुलाको मु अ कर सहित १८,४३,०३२.३१।- (अक्षरुपी अठार लाख त्रिचालिस हजार बत्तिस रुपयाँ एकतिस पैसा मात्र) को बोलपत्र स्वीकृत गर्न सिफारिस भएको हुदाँ कुनै प्रतिकृया भए ७ दिन भित्र पठाइदिनु होला । तोकिएको म्याद भित्र कुनै प्रतिक्रिया प्राप्त नभए बोलपत्र स्वीकृति गर्न तर्फ कारबाही अगाडी बढाउने व्यहोरा अवगत गराइन्छ ।

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**


## VACANCY ANNOUNCEMENT

WE'RE HIRING

यस म्यानपावर कम्पनीको लागि कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

Secretary (Female) 2
PRO (Male/Female) 3
Documentation (Male/Female) 1

SALARY Negotiable

साउदीको मोफा सम्बन्धि जानेको हुनुपर्दछ ।

01-4600027
9852063103

Send us your CV: rational751@gmail.com

रेशनल ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं. १५३०/०७७/०७८
कोटेश्वर-३२, काठमाडौं, नेपाल । www.rationaloverseas.com.np

## साउदीमा रोजगार | कम्पनी: TALENT COMPANY FOR HUMAN RESOURCES
शहर: Saudi Arabia,riyadh
पूर्व स्वीकृत मिति: २०७९/११/२९ चलानी नं.: ६०१९८००५ LT. No.: 282613

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 25 | 0 | स. काममा दक्ष | 1000 | ३४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र ७ गते (21 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Link International Placement Service Pvt.ltd.
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## साउदीमा वैदेशिक रोजगारको अवसर
१. कम्पनी : FIELD SUPPORT FOR OIL AND GAS SERVICES शहर : DAMMAM
पुर्व स्वीकृत मिति: २०७८/१२/२० चलानी नं.: ६०१७७१२५ LT. No.: 260941 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber Assistant | 1 | 0 | स. काममा दक्ष | 1200 | ४१,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ७ गते (21 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Work Force Services Pvt. Ltd.
श्रम ईजाजत पत्र नं. १७२/०५६/५७
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website: www.workforce.com.np

## साउदीमा रोजगारको अवसर | कम्पनी: FIVE SAVING S COMPANY LIMITED ONE PERSON COMPANY
शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७९/११/२१ चलानी नं.: ६०१९७६२० L.T. No.:282145 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOADING UNLOADING LABOR | 15 | 0 | स. काममा दक्ष | 1000 | ३४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AAMMAR BUSINESS FACTORY FOR INDUSTRY शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०७९/११/१९ चलानी नं.: ६०१९७४४४ L.T. No.:281885 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | construction labour | 25 | 0 | स. काममा दक्ष | 1000 | ३४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र ७ गते (21 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु. १०,०००/- अन्य नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

FISHTAIL OVERSEAS PVT. LTD.
Govt. Lic. No. 1286/074/075
PO Box No: 947, Samakhusi :-29, Gangabu, Kathmandu, Nepal
Tel : 01-4386382, 01-4389757, E-mail : fishtailoverseas508@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी : PREMIUM SOUND SOLUTIONS SDN BHD शहर : PENANG
पूर्व स्वीकृत मिति: २०७९/०८/२७ चलानी नं.: ६०१९३२४९ L.T. No.: 277682 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 0 | 68 | स. काममा दक्ष | 1500 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ चैत ७ गते (20 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Fusion International Pvt Ltd
Panchakumari Marga, New BaneshworKathmandu, Nepal
Email: info@fusionintlpvt.com Website:www.fusionintlpvt.com
Gov Lisence No: 283/058/059
Tel 01-4465326 , Mobile : 9801307500/ Itahari Contacvt No: 9828986189/9864432235

## UAE को प्रतिष्ठित कम्पनीमा PSBD र DPS Security Guard हरुको आबश्यकता
कम्पनी: Star Security Services LLC शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७८/०९/०५ चलानी नं.: ६०१७०८९५ L.T. No.: 254353 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (PSBD) | 270 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७१,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard (SIRA) | 106 | 34 | | 1200 | ४२,७९२ | | | | | | | |

PSBD को Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ ।
DPS को Basic Salary AED 1200 र Other Allowance र OT AED 1280 सहित AED 2480 हुनेछ ।

- ★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
- ★ उमेर २२ बर्ष देखि ३८ बर्ष ननाघेको र उचाई ५ फिट ५ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
- ★ Civil, Ex-Army, Police मा कम्तीमा ३ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ७, ८ र ९ गते (21, 22 & 23 March 2023) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

STARIS HR SERVICES PVT. LTD.
श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
Mobile : 9851336470 | 9802320574 | 9802320575, Chitwan 9802909595
Ithari : 025581062 | 9804372357, Pokhara: 061-582710 | 9827163906

## साउदीमा रोजगारको अवसर | कम्पनी: ADVANCE TRACKS COMPANY (ATC)
शहर: Saudi Arabia,NA
पूर्व स्वीकृत मिति: २०७९/१०/२४ चलानी नं.: ६०१९६१४१ L.T. No.: 280637 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 5 | 0 | स. काममा दक्ष | 1800 | ६२,८०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र ७ गते (21 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Yatra H.R. Solution Pvt. Ltd.
Gov. Lic No. 1096/073/074
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com

## साउदीमा रोजगार | कम्पनी :SOLAIMAN BIN SALEH AL-MOHILEB & SONS CO. ( CLOSED JOINT STOCK)
शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७९/०६/२४ चलानी नं.: ६०१८८८१५ LT. No.: 273338 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६२,८०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manufacturing Worker | 2 | 0 | | 1200 | ४१,८६८ | | | | | | | |
| 3. | Mile (Construction Worker) | 20 | 0 | | 1200 | ४१,८६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ७ गते (21 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.
श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बतिसपुतली-९, काठमाडौं, फोन नं. ४५६५३९४, ४५६५४९४, मो.: ९८२३३२३५७७,९८१५३४८१६७
E-mail: threebrothershrrec@gmail.com




मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३० फागुन २०७९, मंगलबार
14 March 2023, Tuesday

## सम्पादकीय

### स्ववियुले दिनुपर्ने सन्देश

१४ वर्षपछि हुन लागेको स्वतन्त्र विद्यार्थी युनियनको चुनावका लागि देशभरका क्याम्पसहरूमा उम्मेद्वार हरूको नामावली प्रकाशन भएको छ । सोमबार नामावली प्रकाशन भएका उम्मेद्वारहरूबीच आगामी ५ चैतमा चुनाव हुनेछ । चुनावबाट निर्वाचित नेतृत्वले क्याम्पस प्रशासनसँगको सहकार्यमा शैक्षिक गतिविधिमा सहभागिता जनाउनेछ । त्यसका लागि देशभरका त्रिभुवन विश्वविद्यालयका ६२ आंगिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसहरूमा चुनाव हुँदैछ । त्रिवि प्रशासनका अनुसार, यो चुनावमा एक लाख ६३ हजार बढी विद्यार्थीले मतदान गर्नेछन् । उपत्यकाभित्र मात्रै २१ क्याम्पसमा ६६ हजार र उपत्यका बाहिरका क्याम्पसमा ९६ हजार विद्यार्थी छन् । सवैभन्दा धेरै विद्यार्थी पोखराको पृथ्वीनारायण (पीएन) बहुमुखी क्याम्पसमा विद्यार्थी छन् । पीएनमा १० हजार विद्यार्थीले मतदान गर्दैछन् । त्यसपछि राजधानी उपत्यकाका क्याम्पसहरूमा धेरै विद्यार्थी छन् ।

यसपटक स्ववियु जित्न विद्यार्थी संगठनहरूबीच कतिपय क्याम्पस गठबन्धन बनेको छ । विशेषगरी अहिलेका सत्तारूढ दल निकट विद्यार्थी संगठनहरूले साझा उम्मेद्वार उठाएका छन् र अझैपनि साझा उम्मेद्वारी दिने प्रयत्न गरिरहेका छन् । सहमति जुटेका क्याम्पसहरूमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी लगायत सत्ता गठबन्धनमा आवद्ध दश दल निकट विद्यार्थीहरूबीच साझा उम्मेद्वारी कायम हुन सक्छ । यसबाहेक प्रमुख प्रतिपक्षी दल नेकपा एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियुसँग पनि सत्तारूढ निकट विद्यार्थीहरूको कतिपय ठाउँमा साझा उम्मेद्वारीको सहमति जुटेको छ । जसरी उम्मेद्वारी दिएपनि अबको केही दिनभित्रै क्याम्पसहरूमा आधिकारिक विद्यार्थी नेतृत्व चयन हुनेछ ।

नेतृत्व हत्याउन अहिले विद्यार्थी नेताहरूको दौडधुप बढेको छ । कतिपय क्याम्पसमा अमर्यादित गतिविधि समेत देखिएको छ । चुनावी प्रतिस्पर्धामा गतिविधि बढ्नु र नेतृत्व हत्याउने प्रयत्न देखिनु स्वभाविक नै हो । अझ चुनाव नै नहुने पृष्ठभूमि हेर्दा स्ववियु चुनाव आफैमा सफलता हो । तर मर्यादित गतिविधिबाट नेतृत्व हत्याउने प्रयत्न निन्दनीय कुरा हो । किनकि यो चुनाव अरू संघसंगठन वा आमचुनाव जस्तो होइन । यसका मतदाता सचेत हुन्छन् । मुलुकको संभावित नेतृत्व जन्माउने चुनावका रूपमा पनि स्ववियु चुनावलाई हेरिने गर्छ । त्यसैले हिंसात्मक गतिविधि सर्वथा अनुचित हो । त्यसतर्फ आवश्यक ध्यान दिन आवश्यक छ । सचेत मतदाता र मुलुककै नेता जन्माउने यो चुनावले आगामी राजनीतिको समेत संकेत गर्छ । तसर्थ, सचेत विद्यार्थी पंक्ति, क्याम्पस प्रशासन र सरकारले सोही बमोजिमको बातावरण सिर्जना गर्न आवश्यक छ ।

# राष्ट्रपति कि राष्ट्रप्रति ?

*नयाँ राष्ट्रपतिज्यू, तपाईं राष्ट्रपति मात्रै होइन राष्ट्रप्रति पनि समर्पित हुन सक्नुहुन्छ भने दल वा गठबन्धन वा विदेशीको मात्रै सहजकर्ता नभएर सिँगो देशलाई हेर्नुपर्छ । संवैधानिक दायराबाट गर्न मिल्ने काम जनताको पक्षमा गर्नुपर्छ । राजा होइन जनताको प्रतिनिधि बनेर भूमिका खेल्नुपर्छ ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'



आम मानिसमा 'प' वर्गको पद, प्रतिष्ठा, परिवार, पैसा, पुत्र, पुत्रीको लालसा हुन्छ नै, राजनीतिमा लागेकालाई उपल्लो पदको लालसा नहुने कुरो भएन । आत्रेय गोत्री पौडेल बन्धुहरु मात्रै होइन हाम्रा रामचन्द्र पौडेलले उपल्लो पद प्राप्त गरेकोमा सायद अरुलाई पनि खिन्नता छैन होला, वंशीय नाताले पंक्तिकारको शुभकामना छ । तर, दलहरुका कृयाकलापहरुले गर्दा नेपालीहरुको मन खिन्न छ । किनकी अहिले तपाईंलाई राष्ट्रपति बनाएको पनि दलहरुले नै हो । पाँच दलीय गठबन्धन टिकाउन नसक्ने कांग्रेसले दोब्बर दलहरुको गठबन्धनबाट तपाईं शीतल निबास छिर्नु भएको छ । सबैले बहालीपूर्व गोपनीयताको शपथ लिन्छन् तर, देशमा गोपनीयता भन्दा सबैकुराको पारदर्शिता नै देखिन्छ, सबैका नाङ्गो नाच स्पष्ट भइसकेको छ । तपाईंलाई राष्ट्रपति बनाउनुपूर्व धेरै विदेशीमित्रहरुले पनि सहजकारी भूमिका खेलेको आमजनधारणा छ, खासगरी एमसीसी र एसपीपी सहजता अनि अर्की राष्ट्रपति विद्यादेवीले घर्रामा हालेको नागरिकता विधेयकको सहजताका लागि पनि । यसमा अझ सहज होस् भन्दै तपाईं निर्वाचित भए लगत्तै सडकमा विधेयकको समर्थनमा दलहरुले भीड पनि उतारे । एउटै गरिमाको पदबाट एउटाले घर्रामा हाल्न मिल्ने अर्कोले लालमोहोर लाउन मिल्ने हो भने तपाईंले शपथ पूर्व नै म लोकतन्त्र र संविधानको रक्षा गर्छु भन्नेको कुरा सार्थक पनि होला तर, राष्ट्रपतिले हाल बनेको संविधान वा खर्चिलो प्रणाली नेपालीले धान्नै नसक्ने लोकतन्त्रको रक्षाभन्दा बढी शदीयौँ वर्ष पुरानो देशको पनि रक्षा गर्नु पर्छ कि ? कसरी सोच्नुहुन्छ ? अर्थतन्त्र टाटपल्टन लागेको देशमा संघीयता आवश्यक हो कि होइन जनमत गराउने वा व्यापक बहसमा ल्याउने काम दलहरुले किन गर्दैनन् ? यो अनुत्तरित प्रश्न हो अगाडिदेखि कै ।

विश्वको एक मात्र हिन्दु धर्मी तर, अन्य धर्मलाई विरोध नगर्ने देश नेपाललाई धर्म निरपेक्ष भन्दै सांसदहरु सबैलाई रातारात ताली बजाउन लगाउने पनि यसपालिको राष्ट्रपति पदमा दाबेदारी प्रस्तुत गरे, तर सहानुभूति लिनैका लागि उम्मेदवारी दिनासाथ पशुपतिमा पूजा गर्न पनि गए, अर्का एक थरि त तपाईंहरुको पद प्रक्रियामा भागै लिएनन् । तपाईं पनि चुनाव परिणाम आए लगत्तै पशुपति जानुभयो, जनै देखाएर गंगा स्नान गरेको, पितृ तर्पण गरेको फोटो देखाएर स्वदेशी मात्रै होइन हाम्रा हिन्दुधर्मी विदेशीको लागि पनि सहानुभूति लिन प्रयास गर्नुभयो । कुरो त ठीकै होला तर, राष्ट्रपति भएपछि सडक जाम नहुने अभिव्यक्ति दिइरहँदा शपथ अघि नै पशुपतिमा जुन तामझाम भयो, सडक अबरोध भयो तपाईंको पनि अरु नेताले बोलेजस्तै बोलीमा कुनै सत्यता नभएको पुष्टि भयो । शपथ नलिँदै राजसी शैली देखाउनेले शपथ लिएपछि यस्तो राजसी देखाउँदैन भन्नु राज्य ढुकुटीमा रम्न मन छैन भन्ने रामवरण, झलनाथ, माधवकुमार, प्रचण्ड, शेरबहादुरहरुले लाखौं, करोडौं रकम उपचार खर्च भन्दै कुम्ल्याए सरह मात्रै हो ।

पुरानालाई पछार्दै कम उमेरमा उपल्लो पद पाई भर्खरै शीतल निवासबाट बिदा भएकीले पनि केही सुबिधा नलिने भनेकी छन् । आशीर्वादैबाट त्यहाँ पुगेकी उनले शीतल निवासलाई नयाँ स्वर्ग बनाएको कुरा कसैबाट छिपेकै छैन । धोती न टोपीका आम नेपालीका घर दैलो पुगेकी र सर्वहाराको नेतुत्व पाएको भन्नेले कति महँगा शौचालय, कार्पेट, हेलिकप्टर, सवारीसाधन प्रयोग भयो, त्यो आम नेपालीमा अवगत छन् । महँगी र आजको बजारभाउ यतिकै आजको अवस्थामा पुगेको होइन । देशमा तपाईंहरु जस्ता राजसी शैलीका अरु ठूला एक हजार बढी छन् । बाँकी त हजारौं छन् सबैको चाहना भनेको लौकिक स्वर्ग भनौं अत्याधिक सुविधा नै हो । विदेशमा उपल्लो तहमा पुग्नेहरुले पछि जागीर खाएर गुजारा गर्ने वा साइकल वा बढीमा मारुती भ्यानमा सवार गर्ने प्रथा हामीकहाँ छैन र त देश २२ खर्बको ऋणमा छ । बैंक, वित्तीय संस्थाहरुप्रति नेपालीहरुको नजर कस्तो छ, यादै छ । लघुवित्त भनिएकाहरुले पनि गरिब नेपालहरुलाई के गरे जग जाहेर नै छ ।

नयाँ राष्ट्रपतिज्यू, तपाईं राष्ट्रपति मात्रै होइन राष्ट्रप्रति पनि समर्पित हुन सक्नुहुन्छ भने दल वा गठबन्धन वा विदेशीको मात्रै सहजकर्ता नभएर सिँगो देशलाई हेर्नुपर्छ । चुच्चे नक्सा, वरिपरिको सिमाना, देशको अर्थतन्त्र, कूटनीति, औद्योगिक उत्पादन, नेपालीहरुको निर्यात वृद्धिले भएको विप्रेषण वृद्धि समग्र पाटो केलाउनु पर्छ होला । हुनत तपाईंको पद त्यस्तो सक्रिय भूमिकाको होइन भनिएको छ तर, तपाईंलाई प्रयोग गर्न त्यहाँ लगिएको जस्तै देखिन्छ । ठूलै रस्साकस्सी भयो त्यहाँ लग्न, ढुंगे देउता जस्तो मात्रै थियो त्यो पद भने देशै तरंगित हुने वातावरण बन्ने थिएन, अहिले । त्यहाँ केही छ, जहाँ अन्त छैन । त्यही पद पाउन एमालेका सुवास नेम्वाङ्गले पनि बल गरेकै हुन् । संविधानको नसा नसाको पानी पिएका उनले प्रतिनिधिसभालाई दुई पल्ट कोमामा पुऱ्याउँदा पनि केही बोलेनन् । भविष्यमा उनलाई त्योभन्दा ठूलो पद चाहिएरै त होला ।

अर्को कुरा, नेपाली अर्थतन्त्र त्यसै थिलो थिलो भएको छैन, अति खर्चिलो चुनाव अनि तुरुन्तै पदोन्नति पछि भर्खरै गरिएको चुनावपछिको सिट खालि हुन जाँदा उप चुनाव गर्नुपर्ने कस्तो लोकतन्त्र हो यो ? कसरी धान्ने, पदहरु छानिरहने अनि उप चुनाव गरिरहने, सरकारी ढुकुटी रित्याइरहने, जनतालाई बोका बनाइरहने अरु कामै छैनझैं गरेर । सामान्य नागरिकता नमिलेको केसमा चितवनमा समेत फेरि निर्वाचन हुने यही हो त लोकतन्त्रको सुशासन । कुनै कसैको मृत्यु भए वा स्वेच्छाले राजीनामा दिए उपचुनाव हुनुपर्ने हो । भ्रष्टाचारको अर्थ घूस खानु मात्रै हो र ? धेरै लामो समयपछिको कुरा पनि होइन यो । निकट भविष्यमै यी पदहरु यसरी बाँडफाँट गर्ने भन्ने मिलाएर चुनावमा भाग लिएको भए हुन्थ्यो नि, अथाह खर्च स्वाहा भएन र ?

अर्को कुरा, रगतको थोपा थोपामा दल छ तपाईंहरुको, अनि राष्ट्रपति भएपछि दल छैन होइन भनेर कसले पत्याउँछ कागजी मेलोमेसो मात्रै होइन र यो ? केही समयलाई निर्दल बनिदिने, फेरि दलकै भइदिने वा एमालेप्रिय भएकैले नागरिकता विधेयक घर्रामा बसेको पनि भनिएकै होइन र ? सफेद झूठ होइन र यो ? लोकतन्त्रमा सबै पाच्य हुनेरहेछन् यस्ता कुरा । २००७ सालको त्यत्रो क्रान्तिपछि बिपिहरुले किन ढुंगाको मूर्ति भए पनि तिनै राजखलक खोजे ? अँ राष्ट्रपति शपथ नखाँदै बिपि संग्रहालय पनि पुग्नुभयो तर, बिपि कांग्रेस, अनि भट्राई कांग्रेसको रगत बाँकी छ तपाईंसँग ? घरैमा पुगेर रबिजीसँग भोट त लिनुभयो तपाईंले तर, तपाईंको दललाई लत्याएर बालकोटको बार्दलीमा गठजोड गर्न पुगेका होइनन् ती ? अनि पैंचो तिर्न तपाईंलाई सघाउने युवा भनिएका गगनले रविलाई चितवन जिताएर गृहमन्त्री दिलाउन सक्लान् त वा माधवकुमारहरुलाई पाखुरा समातेर तान्दै निर्वाचन आयोग पुऱ्याउने झाँकीशैली पो हुने हो कि ?

केपी शर्मा ओलीलाई ठोरी अयोध्या नै चाहिने, पशुपतिको नबोल्ने मूर्तिमा क्वीन्टल सुन दिनुपर्ने, नेम्वाङ्गलाई पशुपति नै चाहिने, तपाईंलाई जनै र पशुपति अनि स्वयम्भू नै चाहिने रहेछ त पुर्खाले धरोहरको रुपमा राखेको धर्म किन स्वाहा बनाएको त ? किनभने तपाईंहरुलाई प्रचण्डको आवश्यकता परेको छ, यता प्रचण्ड उता योगी आदित्य वा मोदीको पनि आवश्यकता छ । प्रचण्डहरु टिभिमा भाषण गर्दा माओ, लेनिन, मार्क्सका फोटाहरु भित्तामा सजाउने गर्छन् तर, युद्ध चलाउन कता-कताबाट पोसिए थाहा छैन । निहत्था आफन्त मारिएकामा न्याय पाउँ भन्दै अदालतमा निवेदन दिन जाँदा सबै पिडकहरु एकजुट हुन्छन् र अदालतलाई धम्क्याउन वक्तव्यवाजी गर्छन् । अन्तर्राष्ट्रिय मान्यता र मानव अधिकार आयोगहरुलाई समेत दिउँसै रात पार्न खोज्छन् । हिँसालाई लोकतन्त्रको बाहिरी आवरणले छोप्न खोजिन्छ । त्यही शक्तिले राष्ट्रपति बनाएको छ त्यसैप्रति गुन लाउनु पर्ने बाध्यता छ । २०५२ सालमै आजको जस्तो दौँतरी भइदिएको भए हजारौँको ज्यान पनि सुरक्षित नै हुन्थ्यो र खबौं खर्बका संरचनाहरु पनि ध्वस्त हुँदैनथे । नेतृत्वमा यति दूरदर्शीता भएन, धन्य छन् कांग्रेसको नेतृत्व ।

फेरि भन्न मन लाग्छ देश जर्जर छ, सरकारले लिएको राम्रो नीतिले विदेशी मुद्रा सञ्चिति राम्रो छ भन्दैछन् सरकार पक्ष । तर, याद होस् नेपालीको श्रम बिकी गरेर आएको विदेशी मुद्रा हो यो, नेपाली सामान निर्यात गरेर होइन । चालु आवको सात महिनामा मात्रै नेपाली जनता निर्यात गरेर कमाइएको विदेशी मुद्रा नै छ खर्ब ८९ अर्ब ८८ करोड रहेको नेपाल राष्ट्र बैंकको तथ्यांक छ । उसैको तथ्यांकले यसै अवधिमा प्रत्यक्ष विदेशी लगानी ९३:३१ प्रतिशतले गिरावट आइ जम्मा १६ अर्ब २९ करोड मात्रै प्राप्त भएको छ । नेतृत्वको सत्ता हानाथाप, प्रक्रियागत झन्झट लगानीप्रतिको विकर्षणले नै त यस्तो भएको हो । अन्त्यमा महामहिम ज्यू, देश डुब्न लागेको छ । यस्तोमा तपाईंहरुको देश सपार्न तपाईंहरुको सकारात्मक भूमिकाको खाँचो देशले खोजेको छ । जनता प्रतिक्षा गर्न बाध्य छन् । जुन बाध्यतालाई तपाईंहरुले सम्बोधन गर्नुहुन्छ भन्ने अपेक्षा छ ।

## सामाजिक सञ्जाल



**- बिमल लामिक**

**२०२० सालमा जातीय छुवाछुत गर्न नपाइने भन्ने कानुन बनाइयो । त्यसै कानुनको उपधारामा परम्परादेखि मान्दै आएको कुरालाई छुवाछुत मानिने छैन भनेर लेखियो । के त्यो कानुनको कुनै अर्थ हुन्छ र ? अनि अहिले कानुन २०२० मै राजाले बनाएका थिए भनेर मात्रै नहुने रहेछ ।**



**- निलाम्बर आचार्य**

**कम्युनिज्म के हो ? मार्क्स, लेनिनका भनाइ र लेनिन, स्टालिनका शासन हेर्नुपर्छ । कम्युनिज्म र प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली प्रजातन्त्र सँगसँगै जान सक्दैनन् । उत्पादन साधनमा निजी स्वामित्व र कम्युनिस्ट अर्थतन्त्रसँगै जाँदैनन् । कम्युनिज्म र 'सर्वहारा अधिनायकवाद' सँगै जान्छन् ।**



**- मुमाराम खनाल**

**अतिरिक्त शक्ति आर्जन र शैक्षिक वातावरण ध्वस्त गर्नको लागि 'भर्टिकल' संरचनामा रहेका विद्यार्थी संगठन र त्यसको नाजायज मतियार स्ववियु खारेज गरौं । 'स्ववियु'को निर्वाचन गर्ने हो भने हरेक विद्यार्थी संगठन सम्बन्धित क्याम्पसमा मात्र सक्रिय रहने गरी 'होरिजेण्टल' संरचनामा रूपान्तरण होउन् ।**



**- सुर्यराज आचार्य**

**आफ्ना दलका नेता राज्यका पदमा पुगेपछि नियुक्तिका लागि दलको 'झोला' बोक्ने बौद्धिकहरूको लाइन लाग्छ । नवनिर्वाचित राष्ट्रपतिको हकमा पनि यो दबाव हुनसक्छ । दलको सबै जिम्मेवारीबाट अलग रहेका रामचन्द्र पौडेलले शितलनिवासका नयाँ नियुक्तिमा कसलाई/कसरी छान्छन् होला ? फरक या पुरातन ? टेस्ट होला !**



**- चन्द्रमणी अधिकारी**

**अर्थतन्त्रको बाह्य क्षेत्र सुधारले आन्तरिक र आधारभुत क्षेत्र सुधारको लागि समय दिएको छ, अर्थतन्त्रको दुखाई केही घटाएको छ । तर, ढुक्क भएर बस्ने अवस्था छैन, कलेजो र फोक्सोको दाग हटेको छैन, ६ लेनको सडकका सर्भिस लेनमा केही सुधार देखिएको तर, मुल लेनमा अवरोध र बोटलनेक कायम रहेजस्तै हो यो ।**

# वित्तीय पहुँच विकासमा लघुवित्तको भूमिका

विचार



● शिवप्रसाद लामिछाने

लघुवित्त बैंकिङ्ग सेवाले ग्रामीण तथा अर्धशहरी क्षेत्रमा बसोबास गर्ने मानिसहरूलाई वित्तीय सेवा तथा कृषि उत्पादन गर्नमा सहज र सुरक्षित गर्नका लागि मार्गदर्शन प्रदान गर्दछ । नेपालमा लघुवित्त बैंकिङ्ग सेवाको सुरुवातले औपचारिक बैंकिङ्ग सेवाहरूमा पहुँच नभएकाहरूलाई नयाँ वित्तीय समाधान प्रदान गर्न मद्दत गरेको छ ।

नेपाल राष्ट्र बैंक तथा वित्तीय संस्था ऐन, २०६३ अन्तर्गत नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त भएको वित्तीय संस्था लघुवित्त वित्तीय संस्था हो । हाल नेपालमा ६५ भन्दा बढी लघुवित्त वित्तीय संस्थाहरु रहेका छन् । लघुवित्त वित्तीय संस्थाले विपन्न तथा न्यून आयस्तर भएका व्यक्ति तथा महिलाहरुलाई सदस्य बनाई नियमित बचत संकलन गरी सामूहिक जमानीमा कृषि तथा लघुउद्यम व्यवसाय सञ्चालन गर्न बिना धितो लघुकर्जा प्रवाह गर्ने गरेका छन् । सामूहिक सदस्य तथा व्यक्तिगत सदस्यहरुलाई स्वीकार योग्य धितो लिइ लघुउघम तथा लघु व्यवसाय संचालन गर्न धितो कर्जा प्रवाह गर्ने गर्छन् ।

लघुवित्त वित्तीय संस्थाले विशेष गरी बिनाधितो कर्जा उपलब्ध गराउने गर्दछन् । लघुवित्त वित्तीय संस्थाहरुले नेपालको विभिन्न भू-भागमा तथा गाउँघरमा गई वित्तीय साक्षरता प्रदान गर्ने, वित्तीय शिक्षा प्रदान गर्ने, बचत संकलन गर्ने, बिनाधितो कर्जा दिने, धितोमा कर्जा दिने कार्य गर्दै आइरहेका छन् ।

नेपालमा गरीबी न्यूनिकरणको पहलका लागि धेरै कार्यक्रमहरु लागु भएता पनि लघुवित्तका कार्यक्रमहरु गरीब र ग्रमिण क्षेत्रमा मात्र आधारित छन् ।

लघुवित्त बैंकिङ्ग सेवाले ग्रामीण तथा अर्धशहरी क्षेत्रमा बसोबास गर्ने मानिसहरूलाई वित्तीय सेवा तथा कृषि उत्पादन गर्नमा सहज र सुरक्षित गर्नका लागि मार्गदर्शन प्रदान गर्दछ । नेपालमा लघुवित्त बैंकिङ्ग सेवाको सुरुवातले औपचारिक बैंकिङ्ग सेवाहरूमा पहुँच नभएकाहरूलाई नयाँ वित्तीय समाधान प्रदान गर्न मद्दत गरेको छ ।

साथै, ग्रामीण क्षेत्रका लागि भरपर्दो, सुरक्षित र सुविधाजनक बैंकिङ्ग सेवाहरु प्रदान गर्दछ । विभिन्न उत्पादन र सेवाहरू प्रदान गर्दै लघुवित्त बैंकिङ्गले नेपालको बैंकिङ्ग क्षेत्रमा क्रान्तिकारी परिवर्तन गर्दै यसलाई थप समावेशी बनाएको छ । लघुवित्त वित्तीय संस्थाले नेपालको ग्रामीण क्षेत्रको विकासलाई बढावा दिएको छ । लघु कर्जा र वित्तीय सेवामा पहुँच प्रदान गरेर लघुवित्तले नेपालको अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ ।

लघुवित्तलाई विशेषगरी प्रभावकारी विकास पूर्वाधारका रूपमा मान्यता प्रदान गरिएको छ । जसमा, लघुवित्त वित्तीय संस्थाहरु मार्फत उपलब्ध गराइने सेवाहरुलाई विशेषगरी गरीब र अति गरीबलाई लक्षित गर्ने, लक्षित समुदायको सामाजिक, आर्थिक स्थितिमा महत्वपूर्ण योगदान पुऱ्याउने र लघुवित्त बैंकिङ्ग सेवाहरु प्रदान गर्ने संस्थाहरु केही वर्षभित्रै, निरन्तर बढ्दो पहुँचको साथ दिगो संस्थाहरुमा विकास गर्न सकिन्छ ।

### लघुवित्त वित्तीय संस्थाहरूको उद्देश्य

जनताको घरदैलोमा केन्द्रित हुने लघुवित्त वित्तीय संस्थाहरुको उद्देश्य पनि सोहीअनुसार नै छन् । लघुवित्तको मुख्य उद्देश्यमा नै लक्षित क्षेत्रका विशेषत: महिलाहरुको आवश्यकता र तिनिहरुको सशक्तिकरण प्रक्रियामा सहजीकरण गर्ने छ । सदस्यहरु माझ सामूहिक भावना पैदा गर्ने उद्देश्य पनि यसले राखेको छ । सदस्यहरुको आत्मविश्वास र क्षमता अभिवृद्धि गर्नका साथै, सदस्यहरुमा सामूहिक निर्णय क्षमताको विकास गर्ने, महिलाहरुमा बचत गर्ने बानीलाई प्रोत्साहित गर्ने र उनीहरुको आफ्नै पूँजी स्रोतको आधार सञ्चय गर्न सहजीकरण गर्ने र महिलाहरुलाई विशेष गरी महिला विकाससँग सम्बन्धित सामाजिक जिम्मेवारीहरु लिन उत्प्रेरित गर्ने उद्देश्य यो संस्थाको छ ।

यस्तै, कर्जालाई सही कार्यका लागि उपयोग गरी आयस्तर अभिवृद्धि गर्न, भविष्यमा पर्नसक्ने जोखिमलाई सामना तथा आत्मविश्वास बढाउन उत्प्रेरित गर्न, कर्जाको सही सदुपयोग गराई आत्मसम्मान तथा आत्मनिर्भरता पूरा गर्नका लागि मद्दत गर्न र नेपालको ग्रामीण तथा पिछडीएको क्षेत्रको गरिबी निवारणमा महत्वपूर्ण योगदान गर्ने उद्देश्य राखेको छ ।

### तर, चुनौतिको घेरामा लघुवित्त

लघुवित्त निकै चुनौतिले घेरिएको संस्था हो । एकातिर यसको कार्यक्षेत्र निकै चुनौतिपूर्ण छ भने अर्कोतिर यसको वित्तीय कार्यक्रमको मोडालिटी पनि त्यस्तै छ । ग्रामीण भेग केन्द्रित कार्यक्रम भएको कारण पनि कर्मचारीदेखि आर्थिक कारोबारमाथि सुरक्षाको विषय उठ्ने गरेको छ । त्यस्तै, ठूला प्रकृतिका वित्त संस्थाहरुसँग प्रतिस्पर्धा गर्नु, सदस्यहरुमा कर्जाको दोहोरोपना हुनु, कर्जा लगानीपश्चात कर्जाबारे अनुगमन गर्न नसक्नु र लघुवित्त संस्थाहरु विरुद्ध संघर्ष समितिहरुको उदय हुनु जस्ता समस्याहरु यस क्षेत्रमा छन् ।

तथापी, यी समग्र विषयहरुको समाधान पनि लघुवित्त संस्थासँगै छन् । उचित नियमन गर्ने संयन्त्र बनाउने, फिल्डको सुपरिवेक्षण गर्ने, ब्याजदर पारदर्शी बनाउने, दक्ष कर्मचारी तथा उचित तालिमको व्यवस्था गर्ने जस्ता उपायहरुको प्रयोग आवश्यक छ ।

*(लामिछाने लघुवित्त क्षेत्रमा कार्यरत छन् ।)*

## तपाईंको राशिफल

मेष : पुराना कार्य सम्पन्न हुनेछन् । जग्गासम्बन्धी कार्यमा लाभ हुनेछ ।

वृष : भवन निर्माण कार्यमा खर्च हुनेछ । आहारमा ध्यान दिनुहोला ।

मिथुन : बाहिरी सहयोगमा कमी रहनेछ । भाग्यमा वृद्धि हुनेछ ।

कर्कट : कुनै पनि कार्यमा हतार नगर्नुहोला । व्यवसायिक यात्रा सफल हुनेछ ।

सिंह : नयाँ सम्पर्क बन्नेछ । शुभ समाचार प्राप्त हुनेछ योग छ ।

कन्या : पदोन्नतीको योग छ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ ।

तुला : दाम्पत्य जीवन समझदारी र सुझबुझपूर्ण ढंगबाट अगाडि बढ्नेछ ।

वृश्चिक : स्वास्थ्य राम्रो रहनेछ । राजनीतिक कार्यमा लाभ प्राप्त हुने योग छ ।

धनु : काम गर्दा गर्दै अचानक रिस उठ्न सक्छ । पारिवारिक खुशी प्राप्त हुनेछ

मकर : आय वृद्धि हुनेछ । राजनैतिक कार्यमा रुकावट आउनेछ ।

कुम्भ : तनाव बढ्नेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछन् ।

मीन : प्रभाव र सम्मानमा वृद्धि हुनेछ । विद्यार्थीहरुको लागि समय राम्रो छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)
इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com*

सुन प्रकरण

# डिएसपी ठगबहादुर केसीको बदनियत

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ फागुन



सुन प्रकरणमा मुछिएका प्रहरी नायब उपरीक्षक(डिएसपी) ठगबहादुर केसीले व्यापारीसँग बदनियत राखेर आफैले सुन लिन खोजेको छानविन समितिले निष्कर्ष निकालेको छ ।

ईलाका प्रहरी कार्यालय बुटवलका तत्कालीन प्रमुख केसीले रितपूर्वक सुन बरामद नगरेको र बदनियत राखेर आफैंले सुन लिन खोजेको छानविन समितिले निष्कर्ष निकालेको हो । गएको मंसिरमा बुटवलका एक व्यापारीले ल्याएको सुन नियन्त्रणमा लिएर आफैंले राखेको सूचना पाएपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सआइबीले केसीलाई गत पुस ११ गते पक्राउ गरेर अनुसन्धान शुरु गरेको थियो । पक्राउपछि प्रहरी प्रधान कार्यालयले केसीलाई निलम्बन गरी अनुसन्धान गरेको थियो । उक्त प्रकरणमा छानबिन गर्न गठित समितिले छानबिन पूरा गरी प्रहरी महानिरीक्षक धिरजप्रताप सिंहलाई प्रतिवेदन समेत बुझाइसकेको छ ।

छानबिन समितिले बुझाएको प्रतिवेदनमा केसीले सुन व्यापारीसँग सुन रितपूर्वक बरामद नगरेको र 'बदनियत राखेर लिन खोजेको' निष्कर्ष निकालेको छ ।

सुन वैध भए फिर्ता गर्नुपर्ने र अवैध भए राजस्वमा बुझाउनु पर्ने भए पनि केसीले बदनियत राखेको उल्लेख गर्दै समितिले सुन बरामद गरेपछि प्रचलित कानूनबमोजिम गर्नुपर्नेमा डिएसपी केसीले आफ्नो पदीय दायित्व पूरा गरेको नदेखिएको उल्लेख छ । समितिका संयोजक प्रहरी वरिष्ठ उपरीक्षक चन्द्र कुँवेर खापुङले प्रहरी महानिरीक्षक धिरजप्रताप सिंहलाई प्रतिवेदन बुझाएका हुन् ।

प्रतिवेदन बुझाउँदै समितिले भ्रष्टाचार ऐन अनुसार केसीमाथि कानूनी कारबाहीको प्रक्रिया अघि बढाउन सिफारिस समेत गरेको छ । गएको मंसिरमा बुटवलका सुन व्यापारी किसन वि.कको साथबाट ३६ तोला ३२ लाल सुन बरामद गरेपनि केसीले सुनको वैध वा अवैध के हो भन्नेबारे छानविनका लागि मुद्दा चलाएनन् । बरु आफैं राखेका थिए । उक्त सूचना पाएसँगै प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सिआइबीले केसीलाई निवासबाटै पक्राउ गरेको थियो ।

# ओखलढुंगामा बढ्दो सवारी दुर्घटना

**ओखलढुंगा/मस-** ओखलढुंगामा पछिल्लो समय सवारी दुर्घटना बढ्न थालेको छ ।

विगतको तुलनामा पछिल्ला वर्षमा जिल्लामा सवारीसाधन दुर्घटना बढेको हो । पछिल्लो तीन वर्षमा २१ सवारीसाधन दुर्घटनामा परी २६ जनाको ज्यान गएको छ भने ७० जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७७/७८ मा दुई सवारीसाधन दुर्घटना हुँदा चारजनाको मृत्यु भएको थियो ।

आव २०७८/७९ मा नौ सवारीसाधन दुर्घटना हुँदा १८ जनाको मृत्यु भएको थियो भने ४० जना घाइते भएका थिए । चालु आव २०७९/८० मा १० सवारीसाधन दुर्घटना हुँदा चारजनाको मृत्यु भएको छ भने ३० घाइते भएका छन् । पछिल्लो समय सवारीसाधन दुर्घटना बढेका प्रहरी नायब उपरीक्षक दीपकबहादुर केसीले बताए ।

### दुर्घटनाको कारक कच्ची सडक

फागुन २१ गते चिशंखुगढीको दियालेमा जिप दुर्घटना हुँदा दुईजनाको ज्यान गयो । बाह्र जना घाइते भए । खानीभञ्ज्याङबाट ओखलढुंगा सदरमुकाम आउँदै गरेको ना१ज ८४७३ नंको जिप दुर्घटना हुँदा दुईजनाको घटनास्थलमै ज्यान गएको थियो । दुर्घटनाको प्रमुख कारण कच्ची सडकमा कोचाकोच यात्रु बोक्नु नै हो । पाँचजनाको क्षमता भएको जिपमा १४ यात्रु थिए । अनियन्त्रित भई जिप दुर्घटना भएको प्रहरी निरीक्षक देवेन्द्र दास बताउँछन् ।

जिल्लाका आठवटै स्थानीय तहका ७५ वटै वडाका टोलटोलमा सडक खनिएको छ । तर स्तरोन्नति नहुँदा जोखिमयुक्त सडकमै यात्रा गर्नुपर्ने जिल्लावासीको बाध्यता छ ।

### उपचारमा समस्या

क्षमताभन्दा बढी यात्रु बोकेर दुर्घटनामा परेका सवारीधनीले घाइतेको उपचार गराउन सकेका छैनन् । धेरैजसो सवारीधनी आफैं चालक हुने, दुर्घटनामा चाकलसमेत घाइते हुने र सिट क्षमताअनुसार मात्रै बीमा हुने हुँदा समस्या भएको छ । यात्रुले बीमाको सुविधा नपाउँदा खर्च अभावले उपचारमा समस्या हुन्छ । यसरी क्षमताभन्दा बढी यात्रु बोकेर दुर्घटना भएका सवारीसाधनले दुर्घटनामा मृत्यु भएकाका परिवारलाई क्षतिपूर्तिसमेत दिन सकेका छैनन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०७/०३ मा दर्ता भएको **प्रा.लि.नं. २४५७४८** को **हातेमालो यातायात भलाइ एण्ड इन्भेष्टमेन्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/११/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्राइम लाइफ**
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल,
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने ब्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपशिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | १०१०००८९०६ | अल्बिन वन | का.म.न.पा.-६,काठमाण्डौं |
| २. | १०१००००६३० | लक्ष्मी (नगरकोटी) श्रेष्ठ | गोकर्णेश्वर-४, काठमाण्डौं |
| ३. | १०३०००१५६७ | सुरज खत्री | धापाखेल-९,ललितपुर |
| ४. | १०१०००३२०८ | आभुषण अधिकारी | त्रियुगा-१०,उदयपुर |
| ५. | १६१०००५९७३ | दिपेन्द्र पोखेल | कृस्ती-०३,कास्की |
| ६. | १०१००१२२९१ | सरस्वती महर्जन | काठमाण्डौं-१८,काठमाण्डौं |

**साउदीमा रोजगार** | कम्पनीः DANAT AL RAYAN CONTRACTING COMPANY
शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७९/०८/१३ चलानी नं.: ६०१९२५५५ LT. No.:276776 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 94 | 0 | स. काममा दक्ष | 1000 | ३४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ चैत ७ गते (21 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ब्लु बर्ड ओभरसिज प्रा. लि.** License No.: 308/059/060
कालोपुल-३३, काठमाडौं, फोन : ४५३६८०२, ४५३८६३४, ४५३८९३५ मो.: ९८०२०५०५७१
E-mail : info@bluebirdoverseas.com, www.bluebirdoverseas.com

**साउदीमा रोजगार** | १. कम्पनीः Al Aish Al Baladi Bakery For Bread
शहरः Saudi Arabia,RIYADH
पुर्व स्वीकृत मितिः २०७९/११/२८ चलानी नं.: ६०१९७९८१ L.T. No.: 282459

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 6 | 0 | स. काममा दक्ष | 1400 | ४८,८४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः DISTANCE DIMENSIONS CONTRACTING COMPANY IS A ONE PERSON COMPANY शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०७९/११/२८ चलानी नं.: ६०१९७९८० L.T. No.: 282461

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 45 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | LABOUR | 14 | 0 | | 1000 | ३४,८९० | | | | | | | |

३. कम्पनीः DISTANCE DIMENSIONS CONTRACTING COMPANY IS A ONE PERSON COMPANY शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०७९/११/२८ चलानी नं.: ६०१९७९८२ L.T. No.: 282460

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 83 | 0 | स. काममा दक्ष | 1000 | ३४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र ७ गते (21 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को निःशुल्क अन्यको रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.** श्रम इजाजत पत्र नं.: ३१८/०५१/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोनः ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

**मलेशियामा रोजगार** | कम्पनीः CREATIVE LABEL SDN BHD
शहरः BATU BERENDAM
पूर्व स्वीकृत मितिः २०७९/११/२९ चलानी नं.: ६०१९७९७२ LT. No.:282031

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | स. काममा दक्ष | 1500 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ चैत ७ गते (21 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AAYUSH OVERSEAS PVT. LTD.** Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01-4112559, 4112586
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np

**कतारमा रोजगार** | कम्पनी : REGENCY GROUP HOLDING
शहरः DOHA
पूर्व स्वीकृत मिति : २०७९/११/२९ चलानी नं.: ६०१९७९५० L.T. No.: 282548

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 7 | 0 | स. काममा दक्ष | 1000 | ३५,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ७ गते (21 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**BLUE LINK PLACEMENT SOLUTION PVT.LTD** श्रम इजाजत नं. १५४७/०७८/०७९
एयरपोर्ट, काठमाडौं, नेपाल, फोनः ०१-५९१३२२५, ५९१३२२६
E-mail: admin@bluelinkplacement.com | www:bluelinkplacement.com

**मलेसियामा रोजगार** | कम्पनीः MAC TASTE FOOD MANUFACTURING SDN BHD
शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०६/०७ चलानी नं.: ६०१८८२३८ L.T. No.: 272548 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 3 | 0 | स. काममा दक्ष | 1500 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः TSANG LIN INDUSTRIES (M) SDN.BHD. शहरः JOHOR
पूर्व स्वीकृत मितिः २०७९/०८/१४ चलानी नं.: ६०१९२४६२ L.T. No.: 276732 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Factory Worker | 31 | 0 | स. काममा दक्ष | 1500 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनीः HUAT LAI RESOURCES BERHAD शहरः MELAKE
पूर्व स्वीकृत मितिः २०७८/१२/१७ चलानी नं.: ६०१८६३५८ L.T. No.: 270532 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Poultry Workers | 5 | 0 | स. काममा दक्ष | 1500 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ चैत ८ गते (22 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.** श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३
जि.पि.ओ.बक्सः २३९०१, धोवीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोनः ५४५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com

**Romania मा बैदेशिक रोजगारको अवसर**
१. कम्पनी : INTERNATIONAL WORK FINDER, Bucharest, Romania पून: विज्ञापन
पूर्व स्वीकृती मिति २०७८।०९।२१ चलानी नं. ६०१८३९०१ LT.No. 255698

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब US$ | मासिक तलब नेरु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | - | काममा दक्ष | 550 | ७२,२७५।- | ५ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Cook | 10 | - | | 650 | ८५,४१६।- | | | | | | | |
| 3 | General Cook | 09 | - | | 550 | ७२,२७५।- | | | | | | | |
| 4 | Housemaid | - | 01 | | 550 | ७२,२७५।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कस्ले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कस्ले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भीषा शुल्क कस्ले व्यहोर्ने रोजगारदाताले व्यहोर्ने | भीषा स्ट्याम्पिङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैं | बिमा हुने प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैंले | रु ७००/- कामदारले | रु १५,०० /- कामदारले | निशुल्क |

**फाइनल अन्तर्वार्ता २०७९ चैत्र ७ गते (21 March, 2023) मेनपावर कार्यालय धापासिमा हुनेछ ।**

